"स्वच्छ, सुन्दर, र समुन्नत शहर, मधेशको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१४४४
Email: maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

## सवारी साधन भाडामा लिने सम्बन्धी सूचना ।

(सूचना प्रकाशन मितिः २०८२/०९/३०)

यस नगरपालिकाको कार्यालय प्रयोजनको लागि चारपाङ्ग्रे सवारी साधन (जिप) थान-१ (एक) भाडामा लिनुपर्ने भएकोले तोकिएको सर्तहरुको अधिनमा रही इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्रौं) दिन (२०८२/१०/१४) भित्र यसैसाथ संलग्न ढाँचाको निवेदन फारम यस कार्यालयबाट निःशुल्क बुझिलिइ १६(सोह्रौं) दिन (२०८२/१०/१५) को मध्यान्ह १२:०० बजेसम्म तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी यस कार्यालयको सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन शाखामा गोप्य शिलबन्दी प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**<u>सवारी साधन भाडामा लिने सम्बन्धी सर्तहरु :</u>**

१. कम्तिमा ७(सात) सिट क्षमता भएको चालु अवस्थामा रहेको चारपाङ्ग्रे सवारी साधन(जिप) हुनुपर्ने।
२. ब्लुबुक नविकरण भएको र कम्तिमा तेस्रो पक्ष बिमा गरेको हुनुपर्ने।
३. सवारीधनीले सवारीचालक अनुमतीपत्र भएको चालकको व्यवस्था गर्नुपर्ने।
४. इन्धनको व्यवस्था नगरपालिकाले व्यहोर्ने तर मर्मत खर्च सवारीधनी स्वयंले व्यहोर्नुपर्ने।
५. मर्मत गर्नुपर्ने भई लगातार २(दुई) दिनभन्दा बढी समयसम्म सञ्चालानमा नआएको खण्डमा सवारीधनीले तत्काल अर्को वैकल्पिक सवारीको व्यवस्थापन गर्नु पर्ने तथा सो अवधीको लागत मूल्य घटाई भुक्तानी गरिने।
६. भाडा रकम भुक्तानी गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानुन बमोजिम भुक्तानी हुने ।
७. सवारी भाडा लिदा अग्रिम पेश्की उपलब्ध नगराइने।
८. सवारी चालकको खाना र वासको व्यवस्था सवारीधनीले गर्नु पर्ने।
९. अन्य आवश्यक विषयहरुका सम्बन्धमा नगरपालिकाले निर्णय गर्न सक्ने।

*<u>पुनश्च :</u>* सूचना प्रकाशन भएको मितिले १६(सोह्रौं) दिन (२०८२/१०/१५) दिनको ०२:०० बजे यस कार्यालयमा दर्ता भएका गोप्य शिलवन्दी प्रस्तावहरु खोलिनेछ।

२०८२।०९।३०
नि.प्रमुख प्रशासकीय अधिकृत

## निवेदनका साथ पेश गर्नु पर्ने कागजातको विवरण :

### १. व्यक्तिको हकमाः

- नागरिकता प्रमाणपत्रको छायाँप्रति थान-१
- सवारी चालकको नागरिकताको छायाँप्रति थान-१
- सवारी चालकको सवारी चालक अनुमतीपत्रको छायाँप्रति थान-१ (नविकरण भएको)
- सवारी साधनको व्लुबुकको छायाँप्रति थान-१ (नविकरण भएको)
- सवारी साधनको तेस्रोपक्ष वीमाको प्रमाणित कागजातको छायाँप्रति थान-१

### २. कम्पनी वा फर्मको हकमाः

- फर्म दर्ता प्रमाणपत्रको छायाँ प्रति थान-१
- करचुक्ता प्रमाणपत्र (०८१/०८२) को छायाँ प्रति थान-१
- सवारी चालकको नागरिकता प्रमाणपत्रको छायाँप्रति थान-१
- सवारी चालकको सवारी चालक अनुमतीपत्रको छायाँप्रति थान-१ (नविकरण भएको)
- सवारी साधनको ब्लुबुकको छायाँप्रति थान-१ (नविकरण भएको)
- सवारी साधनको तेस्रोपक्ष बीमाको प्रमाणित कागजातको छायाँप्रति थान-१